लेख/रचना

# सहकारीमा नेतृत्व विकासको आवश्यकता

ऋषिराम पण्डित



**"A success of group always depends upon the goodness of leader" "If leader is good leadership will be good and group will succeed"**

नेतृत्व सम्बन्धी माथिको भनाइ लोकप्रिय एवं मननयोग्य छ । नेताले मान्छेसँग काम गर्छ । अरुलाई प्रभावित गर्ने अगुवा नै नेता हो । यसैले नेताले संगठनको वा समूहको लक्ष्य प्राप्तिमा आफ्ना अनुयायीहरुलाई प्रभावकारी ढंगले समन्वय गर्ने निर्देशन गर्ने, परिचालन गर्ने र एकताबद्ध गर्ने कार्य गर्दछ र यही कार्य वा व्यवहारलाई नेतृत्व भनिन्छ । नेतृत्व विशेष गुण हो । नेतृत्वको न्यूनतम गुण पनि नभएको व्यक्तिलाई जस्तोसुकै शक्तिशाली ओहोदामा पुऱ्याए पनि उ वास्तवमा नेता बन्न सक्दैन र त्यो संगठन गतिशील र जीवन्त बन्न सक्दैन साथै संगठनले लक्ष्य प्राप्त गर्न पनि सक्दैन । अतः समूह वा संगठनको सफलता पनि नेतृत्व सीप वा गुणमा भर पर्छ । कुशल नेताको प्रभावकारी नेतृत्व क्षमताबाट नै समुह वा संगठनको सफलता साथै लक्ष्य हासिल हुन्छ ।

त्यसैले भनिन्छ नेतृत्व संगठनको मियो हो, लक्ष्य प्राप्तिको यात्राको लगाम हो । नेतृत्वले नै सामुहिक लक्ष्य प्राप्त गर्न समूहलाई उत्प्रेरित र परिचालित गर्छ, भावी लक्ष्य तथा दिशानिर्देश गर्छ, अनुयायी समक्ष त्यसलाई संचार गर्छ र लक्ष्य प्राप्त गर्न आफू अग्र भागमा रही अरुलाई उत्प्रेरित गर्छ ।

यहां चर्चा गर्न लागिएको प्रसंग सहकारी नेतृत्वको हो । सहकारी संगठन सामुहिक व्यवस्थापनका आधारमा संचालन हुने एक व्यवसायिक पद्धति हो । सहकारी कृषक, कालिगढ, भूमिहिन श्रमिक जस्ता न्यून आय भएका वर्गको सामाजिक आर्थिक विकासका लागि उनीहरुसंग भएको स-साना आर्थिक, भौतिक, मानवीय श्रोतहरुलाई उनीहरुकै सामुहिक सहभागिता मार्फत् एकीकृत ढंगले व्यवसायिक क्षमता सिर्जनाको आधारमा सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुसार सचालन गरिने सदस्यमूखी व्यवसायिक संगठन हो । यसैले त्यस्ता लक्षित वर्गको सामुहिक सहभागिता मार्फत स्थानीय स-साना पूँजीहरुको जगेर्नाद्वारा सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई सदस्यहरुकै आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्नु सहकारीको प्रमुख लक्ष्य हो । सहकारी सामुहिक नेतृत्वमा संचालन हुने निकाय भएकोले प्रजातान्त्रिक र विधिसम्मत ढंगले चल्नु पर्ने मान्यता अनुरुप सहकारीको सर्वोच्च अंग साधारण सभाले संचालक समिति निर्वाचित गरेको हुन्छ । सहकारी संघ संस्थामा संचालक समितिले नेतृत्व प्रदान गर्दछ । सहकारीको कुशल व्यवस्थापनमा संचालक समितिका अध्यक्षको नेतृत्वदायी भूमिका महत्वपूर्ण मानिन्छ । यसरी सहकारीका नेता सदस्यहरुबाट चुनिएर आएका प्रतिनिधि हुन जसले संघ संस्था संचालनको जिम्मेवारी पाएका हुन्छन ।

नेतृत्व सहकारीका सदस्यहरु माझ लोकप्रिय, सदस्यहरु मध्ये योग्य/सक्षम, सदस्यहरुद्वारा सम्मानित, सदस्यहरुद्वारा स्वीकृत/घोषित, सदस्यहरुद्वारा निर्वाचित र सदस्यहरुको आदरको पात्र हुनु पर्दछ । सहकारी नेतृत्वले आफ्नो कर्तव्य र जिम्मेवारीलाई बुझी इमान्दारीपूर्वक नेतृत्व प्रदान गर्न सकेन भने सम्पूर्ण सदस्यहरुको भविष्य अन्धकारमय हुन पुग्छ । कुशल नेताको सवल नेतृत्व क्षमताबाट मात्र सहकारी संघ, संस्थाले आफ्ना सदस्यहरुलाई सही रुपमा सेवा प्रदान गर्न सक्छ । अतः सहकारी नेतृत्वमा आफ्नो जिम्मेवारी प्रतिको सजगता, निस्वार्थता, नैतिकता, इमान्दारिता, पादरर्शिता, लगनशिलता, कटिवद्धता तथा सहकारी मूल्य मान्यता र सिद्धान्तको ज्ञान एवं सो को अवलम्वन जस्ता गुण र विशेषता हुनु आवश्यक छ । यस्ता गुण भएका व्यक्तिले मात्र सक्षम नेतृत्व प्रदान गर्न सक्ने भएकोले सहकारीका सदस्यहरुले कुनै पनि राजनैतिक विचारबाट प्रभावित नभई तटस्थ रही प्रजातान्त्रिक प्रक्रियाद्वारा एक सदस्य एक मतका आधारमा योग्य व्यक्ति छान्न सक्नु पर्छ । कुशल नेताको सक्षम एवं प्रभावकारी नेतृत्व भूमिकाबाट सहकारी संघ, संस्थाको सफल संचालनमा मद्दत पुग्दछ । अन्य जुनसुकै संगठनको नेतृत्वभन्दा सहकारी संगठनको नेतृत्वको भूमिका अझ बढी जिम्मेवार र महत्वपूर्ण हुन्छ किनभने सहकारी सीमित साधन श्रोत भएका न्यून आय वर्गहरुको समूह हो जसले आपसमा मिलेर सहकार्यको माध्यमबाट आफूसंग भएको केही पूंजी संस्थामा जम्मा गरी व्यवसाय संचालन गरेका हुन्छन । यसरी सहकारी त्यस्ता व्यक्तिको जीवनस्तर सुधार गर्ने दायित्व बोकेको जिम्मेवार निकाय भएकोले यस्तो निकायमा नेतृत्वको भूमिका पनि बढी जिम्मेवारपूर्ण रहेको हुन्छ ।

समाजका कमजोर अवस्था भएका व्यक्तिहरु जसले आफै एक्लै कुनै व्यवसाय संचालन गरी आफ्ना आवश्यकता पुरा गर्न नसक्ने भएकाले त्यस्ता व्यक्तिहरु समूहमा रही काम गर्न सहकारी संगठनसंग आवद्ध हुने हुनाले सहकारी संगठनको कुशल संचालनका निमित्त प्रभावकारी नेतृत्वको आवश्यकता रहन्छ । सहकारी संगठनको संचालन त्यसको निरन्तर उन्नति, प्रगति एवं विकासका लागि नेतृत्वको सक्रिय सहयोग र मार्गदर्शन

महत्वपूर्ण हुन्छ । संक्षेपमा सहकारीमा नेतृत्व विकासको आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

१. सहकारी संघ, संस्थालाई कुशलतापूर्वक संचालन र व्यवस्थापन गर्न गराउन,
२. सहकारीका सदस्यहरुमा सहकारिता प्रति सकारात्मक सोचाईको विकास गर्न गराउन,
३. नेतृत्वको माध्यमबाट सहकारी संघ संस्थाको हित प्रवर्द्धन गर्न गराउन,
४. स्थानीय स-साना पूंजीको जगेर्नाद्वारा सहकारीका सदस्यहरु स्वयंलाई व्यवसायमा संलग्न गराई उनीहरुको सामाजिक आर्थिक विकासको उद्देश्य प्राप्ति गर्न गराउन,
५. सहकारी भावना, मर्म, आदर्श एवं सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्त, ऐन नियम विनियम आदि अनुरुप सहकारी संघ, संस्था संचालन गर्न गराउन,
६. सहकारीका सदस्यहरुको विचार, भावना, सुझाव र सहयोगलाई ग्रहण गरी त्यसलाई व्यवहारमा उतार्न,
७. सहकारी सदस्य केन्द्रित व्यवसायिक संगठन भएकोले नेतृत्वको व्यावसायिक ज्ञान, सीप, क्षमता सहकारीमा उपयोग गर्न गराउन,
८. सहकारी संघ, संस्थामा उपयुक्त नीति/योजना तर्जूमा त्यसको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रभावकारिता साथ सम्पादन गर्न गराउन,
९. सहकारी संघ, संस्थाहरु बीच आपसी अन्तरसम्बन्ध जिल्ला संघ, विषयगत संघ, केन्द्रीय संघ, राष्ट्रिय संघ समेतसंग कायम राख्न साथै सरकारी, गैरसरकारी संस्थाहरुसंग समन्वय एवं सम्बन्ध विस्तार गर्न,
१०. सहकारी संघ, संस्था भित्र आम सदस्यहरु, संचालकहरु, कर्मचारीहरु बीच आपसी समझदारी, सहयोग र समन्वयको वातावरण सिर्जना गर्न गराउन,
११. सहकारी भित्र असल छवि कायम राख्न,
१२. तालिम, शिक्षा, सूचना पद्धतिको सामयिक सुधार गर्दै भविष्यमा आउन सक्ने चुनौतिको सामना गर्न सदस्यलाई उचित किसिमको प्रशिक्षणको व्यवस्था गर्न गराउन,
१३. सहकारीलाई बढी अधिकार र स्वायत्तता प्रदान गरी आत्मनिर्भर बनाउन ,
१४. सहकारीमा सदस्यको सक्रिय सहभागिता अभिवृद्धि गर्न,
१५. सहकारी संगठनमा कुनै पनि आन्तरिक एवं वाह्य खतरा हुन नदिई सुरक्षात्मक उपाय अपनाउन,
१६. सहकारी संगठनको निरन्तर विकास र प्रवर्द्धन गर्न गराउन,
१७. सहकारीका सम्पूर्ण सदस्य समूहको प्रतिनिधित्व गर्दै पथ प्रदर्शकको रुपमा कार्य गर्न ।

नेपालको सन्दर्भमा खासगरी जिल्ला सहकारी संघ, विषयगत सहकारी संघ, केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी संघले सहकारी आन्दोलनको नेतृत्व आफ्नो क्षेत्राधिकार अनुसार आ-आफ्नो हैसियत बमोजिम निभाउँदै आएका छन् । प्रारम्भिक सहकारी संस्थाको हकमा तोकिएको कार्यक्षेत्रका संस्थाका सदस्यहरु माझ क्षेत्राधिकार रहने गरी नेतृत्वको भूमिकालाई सीमित तुल्याइएको हुन्छ । विषयगत जिल्ला संघको हकमा जिल्ला भित्र क्षेत्राधिकार रहेका सदस्य संघ, संस्था सम्म रहेको हुन्छ । जिल्ला सहकारी संघको हकमा पनि जिल्ला भित्र क्षेत्राधिकार रहेका सदस्य संघ, संस्थासम्म नेतृत्वको भूमिकालाई सिमावद्ध गरिएको हुन्छ। त्यस्तै केन्द्रीय सहकारी संघको लागि देशभर क्षेत्राधिकार रहेका सदस्य संघ, संस्थाहरु-सम्म रहने गरी नेतृत्वको भूमिकालाई सिमावद्ध गरिएको हुन्छ। राष्ट्रिय सहकारी संघले समग्र सहकारी आन्दोलनलाई नेतृत्व प्रदान गर्दछ । यो संघ देशभरका संपूर्ण सहकारी संघ, संस्थाको प्रतिनिधिमूलक छाता संगठन भएकोले नेपालको सहकारी अभियानको शीर्षस्थ निकाय हो । अतः यस संघले सहकारी आन्दोलनको नेतृत्वदायी भूमिका निर्वाह गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिनिधित्व पनि गर्दै आएको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले विश्वभर छरिएर रहेका सबै प्रकारका सहकारीहरुको नेतृत्व गर्दै विश्वव्यापी रुपमा सहकारी आन्दोलनलाई सघाउदै सबै देशका जनताको आर्थिक सामाजिक विकासको प्रयासमा प्रभावकारी योगदान पुऱ्याउँदै आएको छ ।

अन्त्यमा, सहकारीको सफलताको लागि आफ्नो जिम्मेवारी प्रतिको सजगता, कटिबद्धता, निस्वार्थता, नैतिकता, इमान्दारिता, पारदर्शिता, लगनशिलता, अरुको विचार सुन्ने, ठीक समयमा उचित निर्णय लिन सक्षम हुनुका साथै सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा सिद्धान्तको ज्ञान एवं व्यवहारमा सोको अवलम्वन आदि गुण एवं विशेषता हुनु नेतृत्वका लागि आवश्यक मानिन्छ ।

सहकारी संघ संस्थामा आवद्ध पदाधिकारीहरु, सदस्यहरु र कर्मचारीहरुको इच्छा आंकाक्षा र आवश्यकता आदि पक्षमा व्यवस्थापन गर्न सक्ने तथा उनीहरुसंगको सीप, ज्ञान, अनुभव, स्रोत साधन आदिलाई अधिकतम परिचालन गराउन प्रेरणा जाग्ने वातावरण निर्माण हुन सक्ने गरी नेतृत्व प्रदान गर्नु जरुरी हुन्छ । सदस्यको लागि सदस्यद्वारा सामूहिक प्रतिवद्धता सहित गरिने प्रयासको रुपमा रहेको सहकारी अभियानले देशको विकासमा समुचित योगदान पुऱ्याउन सक्ने कुरामा कुनै शंका छैन। आवश्यकता छ सहकारी अभियानमा निस्वार्थ स्वच्छ विचारको अनि सदस्यहरुको प्रजातान्त्रिक अधिकारमा कुनै कुठाराघात नहुने गरी सदस्यको भलाईमा लाग्ने सहकारी नेतृत्वको । यसका लागि सहकारीका नेतृत्व वर्ग एवं निकायले कुनै पनि राजनैतिक विचारधाराबाट प्रभावित नभई तटस्थ रुपमा आफ्ना सदस्यहरुको हितमा काम गर्ने र सहकारीलाई प्रभावकारी नेतृत्व प्रदान गर्दै सदस्यको सामाजिक आर्थिक विकासमा सदा अग्रसर रहनु पर्दछ । व्यक्तिको चयन गर्दा पनि प्रजातान्त्रिक प्रकृयाद्वारा व्यवसायिक सहकारी चरित्र भएको निस्वार्थ, इमान्दार, योग्य व्यक्तिको चयन गरिनु पर्दछ। यस्तो नेतृत्वबाट नै सहकारी क्षेत्रको सफलताको आशा गर्न सकिन्छ ।